संसारका मजदुरहरु एक होऔं ! मार्क्सवाद-लेनिनवाद-माओवाद/विचार जिन्दावाद !

# एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी)

Unified Communist Party of Nepal (Maoist)

## केन्द्रीय समिति
Central Committee

## प्रेस-वक्तव्य

यही पौष १४ गते बेलुका ६:४५बजे धादिङ जिल्लाको दार्खा गाविस वडा नं. ९, दार्खाफेदी निवासी वाईसीएल सदस्य सन्तबहादुर तामाङलाई एमालेको योजनामा दार्खा-८ का युथफोर्सका विक्रम भनिने बलराम तामाङले आँखामुनि देब्रे गालामा माउजरद्वारा गोली प्रहार गरी सख्त घाइते बनाएको छ । अहिले वाईसीएल सदस्य सन्तबहादुरको अस्पतालमा जीवनमरणको अवस्थामा उपचार भइरहेको छ । एमालेद्वारा सत्ताको आडमा ताप्लेजुङदेखि देशव्यापी रूपमा गृहप्रशासनमार्फत् युथफोर्सलाई हतियार दिएर एकीकृत नेपाल कम्युनिस्ट पार्टी (माओवादी) का नेता, कार्यकर्ता र समर्थकहरूमाथि गरिरहेको नियोजित आक्रमण, हत्या, आतंकको श्रृङ्खलाको रूपमा हिजो धादिङ्गमा भएको घटनालाई हाम्रो पार्टी घोर निन्दा र भर्त्सना गर्दछ । घटनाहरूले कठपुतली सरकार शान्ति, संविधानको पक्षमा नरहेको कुरा स्पष्ट गर्दछ । हाम्रो पार्टी हिजो धादिङ्गमा भएको गोली प्रहारबाट घाइते तामाङलाई निशुल्क उपचार, क्षतिपूर्ति र दोषिमाथि अविलम्ब कडा भन्दा कडा कारबाहीको माग गर्दछ । यस्तै देशका विभिन्न ठाउँमा हाम्रा नेता, कार्यकर्ता र समर्थकमाथि गृह प्रशासनको संरक्षणमा यस्ता घटनाका अपराधीहरूलाई अहिलेसम्म कारबाही गरिएको छैन । एकपछि अर्को रूपमा देशभर भएका यस्ता घटनाबाट कठपुतली सरकार स्वयम नै अपराधीहरूको संरक्षक भएको पुष्टि हुन आएको छ ।

संयुक्त राष्ट्रसंघ, विभिन्न मानवअधिकारवादी संघ/संस्थाहरू, नागरिक समाज र सञ्चार जगतलाई यस्ता घटनाहरूको निष्पक्ष छानबिनको लागि अपिल गर्दछौं । साथै यसप्रकार सत्ता आतंकको आक्रमणलाई तुरुन्त रोक्न एमाले र कठपुतली सरकारलाई चेतावनी दिन चाहान्छौं । अन्यथा त्यसबाट निस्कने परिणामको भागिदार स्वयम् एमाले र कठपुतलि सरकार नै हुनेछ ।

*मिति : २०६६ पुष १५ गते*

दीनानाथ शर्मा
प्रवक्ता